श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं !"

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान"

# NEGEO समाचार मासिक

वर्ष १ | अङ्क ५ | साउन २०८२ | ने.सं. ११४५ | अगष्ट-सेप्टेम्बर २०२५

**सल्लाहकार**
अध्यक्ष, भवानी न्यौपाने दाहाल
वरिष्ठ उपाध्यक्ष, रेवन्त गौतम
वरिष्ठ उपाध्यक्ष, प्रभास प्रसाद साह

**प्रधान सम्पादक**
रामचन्द्र अधिकारी

**कार्यालय व्यवस्थापन**
पदम बहादुर शाही

**सम्पादक**
तेज प्रकाश भण्डारी

## २०८२ साउन महिनाका गतिविधिहरू

## बधाइ कार्यक्रम



मिति २०८२ साउन १ गते नेपाल राष्ट्रिय शिक्षक संगठनको २०८२ असार ४ र ५ गते काठमाडौंमा सम्पन्न राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय अध्यक्ष हंस बहादुर शाही लगायत केन्द्रीय कार्यसमिति परिवारलाई संगठन केन्द्रीय कार्यसमितिको तर्फबाट बधाई तथा सफल कार्यकालको शुभकामना दिने कार्यक्रम सम्पन्न भएको थियो ।

## पत्रकार भेटघाट कार्यक्रम




नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्यसमिती द्वारा आयोजना हुने सहिद स्मृती दिवस २०८२ का बिबिध कार्यक्रम को जानकारी तथा अन्य समसामयिक विषयमा २०८२ साउन ८ गते केन्द्रीय कार्यलय, बबरमहल, काठमांडौमा पत्रकार सम्मेलनको आयोजना गरी सहिद दिवसलाइ भव्यता प्रदान गर्न साथै सहिद दिवसका कार्यक्रमहरुको विस्तृत जानकारी दिने उदेश्यले केन्द्रीय प्रचार प्रसार तथा सुचना प्रविधी विभागको व्यवस्थापनमा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भएको थियो ।

# सहिद स्मृति दिवस २०८२ का कार्यक्रम




## "अन्तर ट्रेड युनियन व्याडमिन्टन प्रतियोगिता"

२०८२ श्रावण ९ र १० गते



**क. अन्तर ट्रेड युनियन पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता**

१) प्रथम - नेरानिकस टिम कृष्ण सलामी/ठगेन्द्र राना

२) द्वितीय - नेनिकयु टिम सिद्धराज ओझा/रमेश उपरकोटी

**ख अन्तर ट्रेड युनियन महिला डबल ब्याडमिन्टन प्रतियोगिता**

१) प्रथम - आयोजक नेपाल निजामती कर्मचारी संगठन टिम सरिता कटुवाल/ भवानी सापकोटा

२) द्वितीय - नेरानिकस टिम शारदा विष्ट/सरुणा थापा

## "वृक्षारोपण तथा गोडमेल कार्यक्रम"



२०८२ श्रावण १० गते शनिवार तीनकुने पुल भन्दा माथि, बानेश्वर क्याम्पस नजिक बाग्मती करिडोरमा अवस्थित नेपाल निजामती कर्मचारी संगठनको संरक्षणमा रहेको सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति उध्यानमा नेकपा एमालेका पोलिटव्युरो सदस्य सुजिता शाक्यको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## "बृहत् रक्तदान कार्यक्रम"




सहिदको सम्मानमा आयोजना गरिएको बृहत् रक्तदान कार्यक्रममा अधिकतम रक्तदाताको उपस्थिति गराई "रक्तदान जिवनदान" को भावलाई सार्थक बनाउने उदेश्य स्वरुप मिति २०८२ श्रावण ११ गते संगठन केन्द्रीय कार्यलयमा बृहत् रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न जिल्ला/विभागिय कार्यसमितिका पदाधिकारी तथा सदस्य साथै उपत्यका स्थित विभिन्न कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको उल्लेख्य उपस्थिती रहेको थियो । सो कार्यक्रममा २०७ जना रक्तदाताहरुले रक्तदान गर्नु भएको थियो । सबै भन्दा बढि रक्तदान गर्नेमा नेपाल निजामती कर्मचारी संगठन विभागीय कार्य समिति अर्थमन्त्रालय रहेको थियो । सो कार्यक्रमको प्रमुख अतिथि नेकपा एमालेका स्थायी समिति सदस्य तथा जनसंगठन समन्वय प्रमुख भानुभक्त ढकाल तथा अतिथिहरुमा पेसागत महासंघका अध्यक्ष लगायतको उपस्थिती रहेको थियो ।

## "राष्ट्रव्यापी हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम"



२०८२ श्रावण १२ र १३ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा नेपाल सरकार सघीय मामिला तथा सामान्य प्रशासनका माननीय मन्त्री भगवती न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा देहायका जिल्ला तथा विभागीय कार्यसमितिहरु ले प्रथम, द्वितीय, तृतीय र चौथो स्थान प्राप्त गर्न सफल भएका थिए ।

१) प्रथम -संघीय संसद सचिवालय - तारा खतिवडा/ छविराज ढुगाना/ दिपक काफ्ले

२) द्वितीय -महान्यायाधिवक्ताको कार्यालय- सञ्जिव पण्डित / डिजे बजगाई/ पार्कल देवान

३) तृतीय भक्तपुर जिल्ला कार्य समिति- अनुजा पौडेल/ गिरिजा प्र. चौलागाइ/ईश्वर काफ्ले

४) चौथो -शिक्षा विभागीय कार्य समिति- प्रशान्त भट्टराई/ सलिना कार्की/ पुष्पा के.सी.

## "सहिद स्मृति मूल समारोह, उत्कृष्ट कार्यसमिति घोषणा, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम"

२०८२ श्रावण १५ गते विहिवार मूल समारोहको कार्यक्रम केन्द्रिय अध्यक्ष भवानी न्यौपाने दाहालको अध्यक्षता र नेकपा एमाले महासचिव तथा लुम्बिनी प्रदेशका पहिलो मुख्यमन्त्री श्री शंकर पोखरेलको प्रमुख आतिथ्यता साथै अन्य अतिथि तथा पेसागत महासंघ नेपालका पदाधिकारी तथा सदस्य, राष्ट्रियस्तरका ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरु विभिन्न पेसागत संगठनका पदाधिकारी तथा सदस्य एवं सहिद परिवार सुरेन्द्र वि.क.का सुपुत्र नविन विश्वकर्माको आतिथ्यतामा सहिद स्मृति दिवसको सन्दर्भमा सञ्चालित विविध कार्यक्रमहरुको पुरस्कार वितरण तथा देहायका सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।

क. ८ बर्षको उमेरदेखि कमलरीमा रहेको कमलरी मुक्त भएपश्चात् राजनीतिको यात्रा संविधान सभा सदस्य, नेकपा एमाले सचेतक हुँदै हाल नेकपा एमाले पोलिट्ब्युरो सदस्य, ४० वर्ष मा एस.एल.सी. उर्तिण गरि हाल स्नातक तह तृतिय वर्षमा अध्ययनरत, प्रेरणाको स्रोत स्वउद्यमी शान्ताको अचार उद्योका संचालक शान्ता चौधरीलाई सम्मान गरिएको थियो ।

ख. संगठनको विभिन्न पदको जिम्मेवारीमा रहि निजामती सेवा निवृत्त देहायका निवर्तमान तथा पूर्व केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई सम्मान गरिएको थियो ।

१. निवर्तमान अध्यक्ष - श्री लेखनाथ कोइराला
२. निवर्तमान कोशी प्रदेश इन्चार्ज - श्री लक्ष्मी प्रसाद गुरागाई
३. निवर्तमान सचिवालय सदस्य - श्री अशोक पोखरेल
४. निवर्तमान केन्द्रीय सदस्य - श्री बुद्धि बहादुर घिमिरे
५. निवर्तमान केन्द्रीय सदस्य - श्री फणिन्द्र प्रसाद खनाल
६. पूर्व केन्द्रीय सदस्य - श्री रुक्मिणी अधिकारी
७. पूर्व केन्द्रीय सदस्य - श्री निलकण्ठ पौडेल








ग. नेपाल सरकारको उपसचिव पदमा नियुक्ति तथा बढुवा हुनु भएका केन्द्रीय पदाधिकारी तथा सदस्यहरु र जिल्ला/ विभागिय अध्यक्ष तथा पदाधिकारी हरुलाई सम्मान गरिएको छ ।

१. केन्द्रीय सदस्य - श्री अनुप ढकाल, उपसचिव
२. केन्द्रीय सदस्य - श्री सुरेन्द्र बहादुर शाही, अधिकृत नवौं
३. केन्द्रीय आयोग सदस्य - श्री खगेन्द्र बर्देवा, उपसचिव
४. निवर्तमान सचिवालय सदस्य - श्री पुष्पराज जोशी, उपसचिव
५. निवर्तमान केन्द्रीय सदस्य - श्री रमेश भट्टराई, उपसचिव
६. अर्थ विभागीय कार्य समितिको अध्यक्ष - श्री चुरामणी अर्याल, उपसचिव
७. महान्याधिवक्ताको विभागीय कार्य समितिको सचिव - श्री सुवास भट्टराई, उपसचिव

घ. आ.व. २०८१/०८२ मा प्रदेश भित्र उत्कृष्ट काम गर्ने /जिल्ला/ विभागीय कार्य समितिहरु र र सोहि आ.व.मा उत्कृष्ट काम गर्ने प्रदेश कार्यसमितिलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

१. प्रदेश कार्यसमिति - सुदुरपश्चिम प्रदेश कार्यसमिति
२. कोशी प्रदेश - जिल्ला कार्य समिति, इलाम
३. मधेश प्रदेश - जिल्ला कार्य समिति, पर्सा
४. बागमती प्रदेश - जिल्ल्ला कार्य समिति, ललितपुर
५. गण्डकी प्रदेश - जिल्ला कार्य समिति, तनहुँ
६. लुम्बिनी प्रदेश - जिल्ला कार्य समिति, रुपन्देही
७. कर्णाली प्रदेश - जिल्ला कार्य समिती, कालीकोट
८. सुदुर पश्चिम प्रदेश - जिल्ला कार्य समिति, बैतडी
९. उपत्यका प्रदेश - विभागीय कार्य समिति, संघीय संसद सचिवालय
१०. उपत्यका प्रदेश - विभागीय कार्य समिति, महालेखापरीक्षकको कार्यालय

# उपत्यका प्रदेश गतिविधि

## उपत्यका प्रदेश कार्यसमितिः

मिति २०८२/०४/०४ र ५ गतेका दिन उपत्यका प्रदेश स्तरिय हाजिरि जवाफ कार्यक्रममा माननिय मन्त्री श्री भगवति न्यौपाने ज्यूको प्रमुख आतिथ्यतामा १८ वटा बिभागिय कार्य समितिहरु सहभागि हुदा ४ वटा कार्य समितिहरु प्रथम स्थान शिक्षा बिज्ञान तथा प्रबिधि बिभागिय कार्य समिति दितिय स्थान महान्याधिवक्ता बिभागिय कार्य समिति तृतिय स्थान शहरि बिकास बिभागिय कार्य समिति सान्वना स्थान सघिय ससद सचिवालय बिभागिय कार्य समिति प्राप्त गरेका छन हुदा प्रथम स्थानलाइ रु १२०००।०० दितिय स्थान रु ९०००।०० तृतिय स्थान रु ६०००।०० सान्वना स्थान रु ३०००।०० सहित छनौट भइ राष्टब्यापि प्रतियोगितामा सहभागिताबाट प्रथम स्थान सघिय ससद सचिवालय बिभागिय कार्य समिति दितिय स्थान महान्याधिवक्ता बिभागिय कार्य समिति र सान्वना स्थान शिक्षा बिज्ञान तथा प्रबिधि बिभागिय कार्य समिति सफल भएका छन ।

मिति २०८२/०४/०८ गते उपत्यका स्तरिय भेला सम्पन्न गरी शहिद सप्ताह सब्य र भब्य रुपमा सम्पन् गराउन बिभागिय कार्य समितहरुले आ आफ्नो कार्यक्रम सहित छलफल सहित सम्पन्न गरीयो ।

## शिक्षा विभागीय कार्यसमिति

२०८२ श्रावण १४ गते सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन,शिक्षा विभागीय कार्यसमितिको आयोजित श्री आदर्श सौलः युवक माध्यमिक विद्यालय ललितपुर महानगरपालिका भैसेपाटी, वुङमति विद्यालयमा अध्ययनरत **सुनाइ सम्बन्धी कठिनाइ भएका विद्यार्थी लक्षित** शुद्ध पिउने पानिको लागि युरो गार्ड तथा सुनाइ सम्बन्धी



पाठ्य सामग्री वितरण कार्यक्रम संगठन केन्द्रका वरिष्ठ उपाध्यक्ष श्री प्रभास प्रसाद साहज्यूको प्रमुख आतिथ्यता तथा संगठन उपत्यका प्रदेश इन्चार्ज श्री गणेश प्रसाद आचार्यज्यूको विशेष आतिथ्यता सम्पन्न भएको थियो। विद्यालयका प्रधानाध्यापक, सरोकारवाला अभिभावक तथा विद्यार्थी र शिक्षक गरी करिव ४५ जनाको उपस्थितिमा सामग्री वितरण कार्यक्रम सञ्चालन सम्पन्न गरेको थियो ।

वितरण गरिएको सामग्री विवरणः

१) युरो गार्ड (Kant Cystal ++) थान-१,

२) नेपाली साङ्केतिक भाषाको शब्दकोष आधारभूत तह थान -१५

३) सांकेतिक भाषाको भित्तेपात्रो थान- १०

४) नेपाली साङ्केतिक भाषाका हस्तवर्णमाला थान- ८

५) आवासीयरुपमा विद्यार्थी वस्ने कोठाको झ्यालको पर्दा थान- ९

## लोक सेवा आयोग बिभागिय कार्य समिति




लोक सेवा आयोग बिभागिय कार्य समिति - मिति २०८२।०४।१४ गते बेलुका बुढानिलकण्ठ स्थित मानव सेवा समाजमा रहेका बालबालिकाहरुलाइ आजको साभ बालबालिकासग भन्ने कार्यक्रमका साथ खाना खुवाउने र नगद रु २५००० सहयोग उपलब्ध गराउने कार्यक्रम सम्पन्न भयो ।

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्तालय विभागीय कार्य समिति

२०८२ श्रावण १४ गते सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्तालय विभागीय कार्य समितिले विज्ञको रुपमा पूर्व मुख्यसचिव डा. विमल कोइराला र पूर्वसचिव श्री सुरेश अधिकारीज्यु को सहभागीतामा २०८२ साउन १४ गते दिनको १ बजे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

## गृह विभागिय कार्यसमिति

१. सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती दिवस-२०८२ को अवसरमा निजामती कर्मचारी संगठन गृह विभागिय कार्यसमितिको तर्फबाट मिति २/०४/२०८२० गते भक्तपुर स्थित सूर्यविनायक न.पा.४- गाम्चामा बालचेतन आधारभूत विद्यालयका विद्यार्थिहरुलाई शैक्षिक सामाग्री वितरण गर्न केन्द्रीय अध्यक्ष भवानी दहाल न्यौपानेज्यूको प्रमुख आतिथ्यतामा सम्पूर्ण गृह विभागिय कार्यसमितिका पदाधिकारीहरु सहित कार्यक्रम भव्यतापूर्ण सम्पन्न गरियो।

२. सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती दिवस-२०८२ को अवसरमा निजामती कर्मचारी संगठन उपत्यका प्रदेश कार्यसमितिले आयोजना गरेको हाजिरि जवाफ प्रतियोगितामा गृह विभागिय कार्यसमितिको तर्फबाट सहभागिता भएको ।

३. सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती दिवस-२०८२ को अवसरमा कर्मचारी संगठन केन्द्रीय कार्यसमितिले आयोजना गरेको २१२ औं भानुजयन्तीको सन्दर्भमा आयोजित उपत्यका व्यापी कविता प्रतियोगिता तथा स्रष्टा सम्मान कार्यक्रममा सहभागीता जनाइएको तथा रक्तदान कार्यक्रममा यस विभागिय कार्यसमितिको तर्फबाट ५ जनाले रक्तदान गरि सहभागिता जनाइयो ।

४. गृह विभागिय अन्तर्गत आ.व. २०८२/८३ को सदस्यता नविकरण गर्ने कार्य भै रहेको ।

## भुमि व्यवस्था तथा सहकारी बिभागिय कार्य समिति

२०८२ श्रावण १४ गते सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन भुमि व्यवस्था तथा सहकारी बिभागिय कार्य समितिबाट मिति २०८२।०४। गते काठमाण्डौ शान्तिनगर स्थित बिध्यालयका बिध्यार्थिहरुलाइ शैक्षिक सामाग्रि बितरण गरीयो ।



शैक्षिक सामग्री वितरण पश्चात विद्यार्थी लगायत शिक्षक शिक्षिकाहरूसँग नेगो पदाधिकारीहरू

२०८२ श्रावण १४ सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन भुमि व्यवस्था तथा सहकारी बिभागिय कार्य समितिबाट मिति २०८२।०४।६ गते नियमित बैठक बसि सर्बे एसोसिएसनको श्रावण १० गते हुने अधिबेशनमा जित निकाल्न सबैले सहयोग तथा परिचालन गर्ने निर्णय साथ सम्पन्न गरीयो ।

मिति २०८२।०४।२३ गते नियमित बैठकबाट आन्तरिक कार्यक्रम तथा तिज कार्यक्रम छलफल गरी बैठक सम्पन्न भयो ।

मिति २०८२/०४/२९ गते नारीहरुको महान चाड तिजमा करिव २०० जनाको उपस्थितिमा भव्यता पुर्वक कार्यक्रम सम्पन्न भयो ।

## अर्थ बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन अर्थ बिभागिय कार्य समिति मिति २०८२।०४।०९ गते फुटसल प्रतियोगितामा बिभागिय ८ वटा टिम सहभागी हुदा कर्मचारी संगठन केन्द्रीय कार्य समिति समेतले मैत्रि पुर्ण खेलमा सहभागी भइ कार्यक्रम सम्पन्न भयो

## अर्थ बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन अर्थ बिभागिय कार्य समिति मिति २०८२।०४।१२ गते मस्तिस्कधात भएका फरक क्षमता भएकाहरुलाइ खाध्यान्न सामाग्रि बितरण सम्पन्न भयो ।

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती दिवस-२०८२ को अवसरमा कर्मचारी संगठन केन्द्रीय कार्यसमितिले आयोजना गरेको रक्तदान कार्यक्रममा यस विभागिय कार्यसमितिको तर्फबाट सबै बिभागिय कार्य समिति भन्दा धेरै ७१ जनाले रक्तदान गरि सहभागिता जनाइयो ।

## सर्वोच्च अदालत विभागीय कार्यसमिति

सहिद स्मृति दिवस-२०८२ को सन्दर्भमा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमितिकोको आयोजनामा केन्द्रीय कार्यालयको नव निर्मित सभाहलमा भएको **बृहत रक्तदान कार्यक्रममा अधिकतम सहभागिता** जनाउँदै केन्द्रीय कार्यसमितिद्वारा आयोजित उक्त कार्यक्रम भव्यतापूर्वक सफल बनाउन महत्त्वपूर्ण भुमिका निर्वाह गरिएको थियो ।उक्त कार्यक्रममा यस विभागीय कार्यसमितिका तर्फबाट करिब तीन दर्जन बढी कर्मचारीहरुद्वारा रक्तदान ३२ जनाले रक्तदान गरि सहभागिता जनाइयो ।



**सहिद स्मृति दिवस-२०८२** को सन्दर्भमा विभागीय उपाध्यक्ष श्रीप्रसाद पौडेलको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यतामा संगठनका केन्द्रीय, उपत्यका प्रदेश र विभागीय पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा काठमाडौं जिल्ला, का.म.न.पा. ३२, नरेफाँट स्थित विशेष स्कुल तथा पुनर्स्थापनाकेन्द्र (SSDRC) मा रहेका **अटिजम भएका बालकालिकाका लागि खाद्यान्न तथा सहयोग सामग्री हस्तान्तरण** गरिनुका साथै सो संस्थाले गरेको सामाजिक कार्यको उच्च कदर गर्दै सम्मान स्वरुप संगठन केन्द्रीय अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथी भवानी न्यौपाने दाहालज्यूबाट SSDRC का अध्यक्ष सविता उप्रेतीलाई प्रशंसा-पत्र हस्तान्तरण गरी कार्यक्रम सम्पन्न गरियो।



न्याय सेवा आयोगको साउन १२ गतेको सिफारिस र सोही दिनको मन्त्रिपरिषद्को निर्णय बमोजिम सर्वोच्च अदालत मुख्य रजिष्ट्रार पदमा नियूक्त श्री विमल पौडेल र रजिष्ट्रार पदमा नियूक्त श्री मानबहादुर कार्कीलाई संगठनको तर्फबाट **बधाई तथा सफल कार्यकालको शुभकामना प्रदान** गरियो। उक्त कार्यक्रममा संगठन केन्द्रीय उपाध्यक्ष श्री युवाचन्द्र घिमिरे, केन्द्रीय सचिव श्री ओम कठायत, केन्द्रीय सचिवालय सदस्य श्री राजेन्द्र कुरुम्बाङ, विभागीय इन्चार्ज श्री हेटनारायण रम्तेल, केन्द्रीय सदस्य श्री रमेश खतिवडा लगायत संगठन विभागीय कार्यसमिति, प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो। सोही सन्दर्भमा हार्दिक बधाई तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दै कर्मचारीको हक हित सहित समग्र न्यायपालिकाको श्रीवृद्धीका लागि संगठनको तर्फबाट सुझाव सहित विविध विषयहरुका सम्बन्धमा ध्यानाकर्षण समेत गराइएको थियो।

## शिक्षा बिज्ञान प्रबिधि बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन शिक्षा बिज्ञान प्रबिधि बिभागिय कार्य समिति मिति २०८२।०४।१४ गते बुडमतिमा बहिरा सुनाइ र फरक क्षामता भएको बिध्यार्थिहरुलाइ ब्रेन लिपिका समाग्रि तथा पानि फिल्टर सेट बितरण गरीयो ।

## कृषि तथा पशुपक्षि बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन कृषि तथा पशुपक्षि बिभागिय कार्य समिति मिति २०८२।०४।१४ गते हरिहर भवन परिषरमा बृक्षारोपण कार्यक्रम सम्पन्न भयो ।

## भौतिक पुर्वाधार यातायात बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन भौतिक पुर्वाधार यातायात बिभागिय कार्य समिति मिति २०८२।०४।१६ गते सडक बिभाग परिसरमा सरसफाइ बृक्षारोपण र पर्याबरणिय कार्यक्रममा शान्तिका प्रतिक सेता जोडी परेवा सरक्षण र राख्ने घर निर्माण कार्यक्रमको प्रमुख अतिथि श्री भवानि न्यौपाने दाहाल र बिशेष अतिथि भौतिक पुर्वाधार यातायात मन्त्रालयका सचिव श्री केशवराज शर्मा ज्यू को उपस्थीतिमा सम्पन्न भयो ।

## स्वास्थ्य तथा जनसख्या बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन स्वास्थ्य तथा जनसख्या बिभागिय कार्य समिति मिति २०८२।०४।२० गते मानव सेवा आश्रम बालाजुमा रहेका अपाग तथा फरक क्षामता भएकाहरुको मध्ये १० जनाको स्वास्थ्य बिमा र खाध्यान्न सामाग्री बितरण कार्यक्रम सम्पन्न भयो ।

## म ले प बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन म ले प बिभागिय कार्य समिति मिति २०८२।०४।२१ गते नव प्रबेशि तथा बृदि बिकास प्राप्त गर्नेहरुको स्वागत कार्यक्रम सम्पन्न भयो ।

## उधोग बाणिज्य तथा आपुर्ति बिभागिय कार्य समिति

उधोग बाणिज्य तथा आपुर्ति बिभागिय कार्य समिति मिति २०८२।०४।२३ गते नियमित बैठकबाट बार्षिक कार्य योजना तथा सामाग्री बितरण कार्यक्रम तय भइ बैठक सम्पन्न भयो ।

## महिला बालबालिका तथा समाजकल्याण बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन महिला बालबालिका तथा समाजकल्याण बिभागिय कार्य समिति मिति २०८२।०४।२३ गते सिहदरवार परिसको सवारी साधन फोहोर ब्याबस्थापन र स्थनपान सम्बन्धि अध्यायन प्रतिबेदन माथि छलफल सहित कार्यत्र:म सम्पन्न भयो ।

## पर्यटन नागरिक तथा उड्डयन बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन पर्यटन नागरिक तथा उड्डयन बिभागिय कार्य समिति मिति २०८२।०४।२७ नारायणहिटी स्मारक क्षेत्र परिषरमा बृक्षारोपण कार्यक्रम सम्पन्न भयो ।

## उधोग बाणिज्य तथा आपुर्ति बिभागिय कार्य समिति

सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस, २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन उधोग बाणिज्य तथा आपुर्ति बिभागिय कार्य समिति मिति २०८२।०४।२८ गते मानव सेवा आश्रम बालाजुमा रहेका अपाग तथा फरक क्षामता भएकाहरुलाइ खाध्यान्न सामाग्री बितरण कार्यक्रम सम्पन्न भयो ।

## प्रधानमन्त्री तथा मन्त्रीपरिषद बिभागिय कार्य समिति

मिति २०८२।०४।२९ गते नारीहरुको महान चाड तिज भब्यता पुर्वक सम्पन्न भयो ।

## सुचना तथा सञ्चार बिभागिय कार्य समिति

मिति २०८२।०४।२९ गते नियमित बैठकबाट बार्षिक कार्य योजना अन्तरीक कार्यत्र:का बारेमा छलफल पछि बैठक सम्पन्न भयो ।

# बागमती प्रदेश कार्यसमितिका गतिविधि

## प्रदेश कार्यसमिति

१. प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले आ आफ्नो पायक पर्ने जिल्लामा सहिद दिवसको सन्दर्भमा आयोजना गरिएको कार्क्रकममा सहभागीता जनाएको ।

२. प्रदेश अध्यक्षले उदयपुर कार्यसमितिको अवलोकन भ्रमणमा सहभागी भई प्रशिक्षण कार्यक्रममा शुभकामना मन्तव्य दिएको ।

## जिल्ला कार्य समिति पाँचथर

१. पूर्ण बैठक-१ पटक

२. सतिवालय बैठक-१ पटक

३. सहिद दिवस- अन्तर ट्रेड यूनियन फुटसल प्रतियोगीता आयोजना,सहिद मनोज-झपेन्द्र-सुरेन्द्र विश्रवमलयको रङ रोगनसरद्दफाई तथा होडिङ वोर्ड राखिएको,श्रद्दान्जली सधा आयोजना गरिएको ।

## जिल्ला कार्य समिति इलाम

१. पूर्ण बैठक - १ पटक

२. सहिद दिवस-सहिद दिवसको सन्दर्भमा ब्याडमिन्टन खेल आयोजना,अन्तर कार्यालय तथा पालिका ह्यजिरी जवाफ प्रतियोगिता आयोजना,सहिदहरु प्रती श्रद्दान्जली,माई नगरपालिका -७ मा स्वास्थ्य शिविर संचालन ।

**इलाम—** नेपाल निजामती कर्मचारी संगठन, इलाम शाखाले सहिद मनोज—झपेन्द्र स्मृति दिवस अवसरमा देउमाई नगरपालिकाको कभर्ड हलमा मैत्रीपूर्ण ब्याड मिन्टन प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा देउमाई नगरपालिकाबाट भेषराज राई र अनिष राई पहिलो भए । देउमाई नगरपालिकाकै केशव पौडेल र राजेन्द्र लिम्बू दोस्रो भए भने नेपाल विद्युत् प्राधिकरणका कोमल श्रेष्ठ र मणि थापा तथा देउमाईकै सागर बस्नेत र राजन राई तेस्रो भए ।



प्रतियोगिताका प्रमुख निर्णायकमा कुबेर राई र गणेश राई थिए ।

संगठनका जिल्ला अध्यक्ष पारसमणि नेउपानेको अध्यक्षता तथा देउमाई नगर प्रमुख सूर्य पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विभिन्न २० टिम सहभागी थिए ।

## जिल्ला कार्य समिति तेहथुम

१. सतिवालय बैठक-१ पटक

२. जिल्ला अस्पतालका २४ जना विरामीहरुलाई फलफुल विचरण ।

३. कर्मचारीहरुको ब्लड ग्रुप संकलन गरेर अस्पातल र रेडक्रसाई उपलब्ध गराएको ।

## जिल्ला कार्य समिति संखुवासभा

१. सहिद दिवस-सहिद दिवसको सन्दर्भमा श्रद्दान्जली कार्यक्रम संचालन,वाल गृहमा रहेको ८ जना अनाथहरुलाई स्टेशनरी प्रदान र रु.२५००।यय रुपैया प्रदान गरेको ।

## जिल्ला कार्य समिति धनकुटा

१. पूर्ण बैठक-१ पटक

२. सहिद दिवस- जिल्ला अस्पताल धनकूटामा रहेका ३२ जना विरामीलाई फलफुल वितरण, श्रद्दान्जली सधा आयोजना ।

## जिल्ला कार्य समिति भोजपुर

१. सचिवालय बैटक-१ पटक

२. युवा संघले आयोजना गरेको बृक्षारोपण कार्यक्रममा सहभागीता ।

३. सहिद दिवस-सहिद दिवसको सन्दर्भमा जिल्ला अस्पतालमा १७ जना विरामीहरुलाई फलफुल वितरण, श्रद्दान्जली सधा आयोजना ।

## जिल्ला कार्य समिति खोटाङ

१. पूर्ण बैठक-१ पटक

२. सहिद दिवस-सहिद दिवसको सन्दर्भमा दिक्तेल वहुमुखि क्याम्पसको जग्गामा वृक्षारोपण,अस्पतालका१६ जना विरामीलाई फलफुल वितरण,पूर्व राष्ट्र सेवक राम विक्रम थापालाई सम्मान गरिएको र श्रद्दान्जली सभा गरिएको ।

## जिल्ला कार्य समिति ओखलढुंगा

१. पूर्ण वैठक १ पटक

२. अन्य जिल्लाबाट सरुवा भई आएका कर्मचारीहरुलाई स्वागत गरिएको ।

३. सहिद दिवस-चम्पादेवी मोलुङमा अध्ययनरत ५८ जना विध्यार्थीहरुलाई शैक्षिक सामाग्री हस्तान्तरण यरिएको ।

सहिद मनोज, झपेन्द्र, सुरेन्द्र स्मृति दिवस २०८२ ओखलढुंगामा विद्यार्थीलाई सहयोग गरेर मनाइएको छ । दिवसका अवसरमा नेपाल निजामती कर्मचारी संगठन ओखलढुंगाले जिल्लाको मोलुङ गाउँपालिका-३ को चम्पादेवी आधारभूत विद्यालयका ५८ जना विद्याथीलाई शैक्षिक सामाग्री प्रदान गरिएको हो ।स्मृति दिवसको अवसरमा संगठनले बर्षेनी सामाजिक काम गर्दै आएकोमा यस बर्ष भने विद्यार्थीहरुलाई कापी, कलम, पेन्सिल र ज्यामिती बक्स वितरण गरिएको नेपाल निजामति कर्मचारी संगठनका केन्द्रिय सदस्य सुजन घिमिरेले बताए । संगठनका जिल्ला अध्यक्ष रोजन खत्रीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष उर्मिला खतिवडा, संगठनका पदाधिकारी, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

## जिल्ला कार्य समिति उदयपुर

१. नियमित वैठक १ पटक

२. मिति २०८२ श्रावण १७ र १८ गते १०७ जनाको टोली वनाई भनकू६ जिल्लाको भेडेटार नाम्जेमा अबलोकन भ्रमण भएको र प्रशिक्षण कार्यक्रम समेत पम्पन्न भएको ।

३. सहिद दिवस-श्रावण १५ गते रक्तदान कार्यक्रम संचालन गरिएको, सो कार्क्रममा ८२ जनाले रक्तदान गरेका, श्रद्दान्जली कार्यक्रम गरिएको।

## जिल्ला कार्य समिति झापा

१. पूर्ण बैठक-१ पटक

२. सचिवालय बैठक-१ पटक

३. सहिद दिवस-रक्तदान कार्यक्रम गरिएको सो कार्क्रममा ६९ जनाले रक्तदान गरेको ।

## जिल्ला कार्य समिति मोरङ

१. पूर्ण बैठक-१ पटक( बिभागहरु गठन)

२. सहिद दिवस- बिराटेश्वर बृद्द आश्रममा ७५ जनालाई खाना खुवाएको, बृक्षारोपण गरेको र श्रद्दान्जली कार्यक्रम गरिएको ।

## जिल्ला कार्य समिति सुनसरी

१. सचिवालय बैठक-१ पटक

२. सहिद दिवस-पकलीमा रहेको रामजानकी बृद्दाश्रममा रहेका २२ जना असहायहरुलाई खाध्यान्न र फलफुल बितरण, सहिदको फोटामा माल्यार्पण

३. श्रावण ३० गते तिज कार्यक्रको आयोजना गरिएको ।

## मधेश प्रदेश कार्यसमितिका गतिविधि

### मनोज, झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ मा मधेश प्रदेशका जिल्लाहरूमा सम्पन्न भएका कार्यक्रमहरू ।

१. धनुषा- राम जानकी वृद्दा आश्रममा रहनु भएका २१ जना आमाहरूलाई फलफूल वितरण गरी मनाईयो ।

२ महोत्तरी- जलेश्वर अस्पतालमा रहेका विरामीहरूलाई फलफुल वितरण तथा बृद्दा आश्रममा खाध्यन साम्ग्री वितरण ।के सचिवालय सदस्य राजेश शर्माको उपस्थितीमा ।

३. सर्लाही- मानव सेवा आश्रम हरिवनमा खाध्यन सामग्री वितरण । जिल्ला अध्यक्ष बैकुन्ठ सापकोटा सहित संगठनको टिम बाट ।

४. पर्सा- सहित स्मृति मानवसेवा आश्रमलाई खाध्यन तथा सामग्री वितरण ।

## बागमती प्रदेश कार्यसमितिका गतिविधि

### बागमती प्रदेश कार्य समिति

सहिद स्मृति दिवसका अवसरमा यहि २०८२ श्रावण २६ गते नेगो बागमती प्रदेश कार्य समितिको आयोजना तथा नेगो काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेको सह-आयोजनामा 'संघदान तथा प्रवचन' कार्यक्रम विश्वशान्ति विहार मिनभवनमा सम्पन्न भएको छ।



नेकपा एमालेका पोल्यूटब्युरो सदस्य सुजिता शाक्यको प्रमुख आतिथ्यता,नेगो केन्द्रिय अध्यक्ष भवानि न्यौपाने दाहालको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता नेगो बागमति प्रदेश कार्य समिति उपाध्यक्ष प्रमिला रेग्मी ले गर्नुभएको थियो।

कार्यक्रममा नेगो केन्द्रिय कार्य समितिका वरिष्ठ उपाध्यक्ष,महासचिब लगायत सम्पूर्ण पदाधिकारी,उपत्यकाका तीन वटै जिल्ला कार्य समितिका अध्यक्ष एवम् पदाधिकारी तथा सदस्यहरु,बागमती प्रदेश समिति सदस्यहरु सहित ७४ जनाको सहभागिता रह्यो।

उक्त कार्यक्रमको सहजिकरण प्रदेश ईन्चार्ज पुरुषोतम रायमाझीले गर्नुभएको थियो।

### चितवन

सहिद सप्ताहव्यापि कार्यक्रम चितवनमा पनि सम्पन्न भएको छ।

नेगो चितवनका अध्यक्ष राजेन्द्र कुमार दराईको अध्यक्षतामा चितवनको रामनगर स्थित बालिका आश्रममा रहेका वालिकाहरु लाई स्टेशनरी सामान वितरण गरिएको हो।

## ललितपुर

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति ललितपुर द्वारा सहिद सप्ताहका अवसरमा यहि मिति ०८२ श्रावण १२ गतेमानवसेवा आश्रम मानवता प्रवर्धन महाअभियानको चौथो शाखा कार्यालय ललितपुरमा अत्यावश्यक खाद्यान्न सामग्री हस्तान्तरण गर्दै सम्पन्न भएको छ।

नेगो केन्द्रिय अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्य एवम् महासचिव रामचन्द्र अधिकारी को विशिष्ट आतिथ्यतामा सम्पन्न भएको कार्यक्रममा जिल्ला स्थित संगठक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रम नेगो ललितपुरका अध्यक्ष टेकराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो।

## काभ्रे

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति काभ्रेले संगठनले गरेका बिभिन्न आन्दोलनका क्रममा बलिदानी दिनु भएका शहीदहरु मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र विश्वकर्मा लगायत ज्ञात अज्ञात शहीदहरुको सम्झनामा आयोजना गरेको (शहीद सप्ताह २०८२) को अवसरमा मिति २०८२ श्रावण १४ गते विहान ७ बजेदेखि यस जिल्लाको पनौती नगरपालिका वडा नं ९ मा रहेको श्री प्राणनाथ माईती बृद्धाश्रमका आश्रीतहरुलाई दाल, चामल, फलफूल, सरसफाई सामग्री लगायत बिभिन्न दैनिक उपभोग्य सामग्री हस्तान्तरण गर्ने कार्यक्रम सम्पन्न भएको थियो ।

## सिन्धुपाल्चोक

नेपाल निजामती कर्मचारी संगठन सिन्धुपाल्चोकले शहिद दिवसको अवसर पारेर श्रावण २ ६ गते

राष्ट्रिय शहिदहरु मनोज -झपेन्द्र - सुरेन्द्रको स्मृतिमा एक कार्यक्रमका साथ चौतारा स्थित बौध्दिक अपाङ्ग आवास गृहका बालबालिकाहरुलाई केही लत्ताकपडा, खाद्यान्न एवं फलफुलहरु




वितरण गरेको छ ।

ईन्चार्ज मेघराज भट्टराईको प्रमुख आतिथ्यता एवम् अध्यक्ष दुर्गा प्रसाद ढुंगेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## भक्तपुर

नेगो भक्तपुर ले ०८२ श्रावण २१ गतेका दिन सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसका अवसरमा ॐ बृद्दाश्रम सानोठिमी भक्तपुर आश्रममा रहनुभएका बुबा/आमाहरु लाई बिहानको खाना खुवाउने कार्यक्रम नेगो भक्तपुरका अध्यक्ष तेजविक्रम कार्कीको अध्यक्षतामा सम्पन्न भएको छ।

नेगो केन्द्रिय उपाध्यक्ष बिजयालक्ष्मी सुबेदिको प्रमुख आतिथ्यता




एवम् बागमती प्रदेश सह ईञ्चार्ज पुरुषोत्तम दाहालको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला ईञ्चार्ज खडक् कुमार मैनाली,आश्रमको तर्फबाट मनु आचार्य,भक्तपुर जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्य लगायत शुभेच्छुक कर्मचारीहरुको सहभागिता रह्यो।

## नुवाकोट

नेगो नुवाकोटको आयोजनामा ०८२ श्रावण १४ गते शहिद सप्ताहका अवसरमा जेष्ठ नागरिक आश्रम देविघाट नुवाकोटमा रहनुभएका ३६ जना जेष्ठ आमा/बुबाहरु लाई फलफुल वितरण कार्यक्रम सम्पन्न भएको छ।




नेगो बागमति प्रदेश सह-ईञ्चार्ज एवम् सचिवालय सदस्य

पुरुषोत्तम दाहालको प्रमुख आतिथ्यता, एमाले केन्द्रिय सदस्य बिन्दा ढुंगाना र जिल्ला ईञ्चार्ज तारा प्रसाद निरौलाको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा एमाले नुवाकोटका सचिव, जिल्ला कमिटी सदस्यहरु, बिदुर नपा वडा नम्बर २ का अध्यक्ष, शिक्षा समन्वय ईकाई प्रमुख रामचन्द्र ईटनि, जिल्ला स्थित विभिन्न कार्यालयका कर्मचारी एवम् संगठक साथीहरुको उपस्थिति रह्यो।

## सिन्धुली

शहिद मनोज -झपेन्द्र -सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा नेपाल निजामती कर्मचारी संगठन सिन्धुलीद्वारा सडक दुर्घटनामा परि विगत २८ महिना देखि  सिन्धुली अस्पतालको वेड नं.३३(कोमा) मा उपचारक्रम रहेका बिरामी तेज बहादुर मगर र संगठनका सदस्य मालपोत कार्यालय डिल्ली बजार काठमाडौंमा कम्प्युटर अपरेटर पदमा कार्यरत उद्धब प्रसाद ढुङ्गेल विगत १ बर्ष देखि क्यान्सर तथा नस्सा सम्बन्धि रोगको उपचाररत अवस्थामा रहेको हुदाँ निजहरूलाई रू.३०४३३ का दरले रू. ६०८६६/०० (साठी हजार आठ सय छैसठ्ठी रूपैयाँ) सहयोग गरिएको छ।




कार्यक्रम जिल्ला ईन्चार्ज पदम मगरको प्रमुख आतिथ्य एवम् अध्यक्ष डिल्ली सौगात घिमिरेको अध्यक्षतामा सम्पन्न भएको हो।

## दोलखा




नेगो दोलखाले सहिद सप्ताहको अवसरमा ०८२ श्रावण २१ गते चरणावति धाममा रहनुहुने जेष्ठनागरिकलाई फलफुल वितरण गरेको छ।

एमाले बागमति प्रदेश कमिटीका नेता हरिवंश चौलागाईको प्रमुख आतिथ्य तथा जिल्ला अध्यक्ष दिपक प्रसाद रिमालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## काठमाडौं

सहिद स्मृति सप्ताहको अवसर पारेर नेपाल निजामती कर्मचारी संगठन काठमाडौ जिल्ला कार्यसमितिले नागढुंगा नाका बाट काठमाडौं आउने आम यात्रुका लागि नागढुंगामा स्वागत बोर्ड राखेकोछ।



नेगो काठमाडौं अध्यक्ष  सरिता चौधरी को अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रिय अध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यता रहेको थियो।

## रामेछाप

नेपाल निजामती कर्मचारी सगठन जिल्ला कार्य समिति रामेछापले सगठनका  सदस्य राधा कार्की चौहानको सवारी दुर्घटनामा परि असामयिक निधन भएकोमा दुःख व्यक्त गर्दै श्रध्दाञ्जलि सभा सम्पन्न गरेको छ।

अध्यक्ष रोहिणी चापागाईको नेतृत्वमा गएको टोलिले वहाँप्रती हार्दीक श्रद्धाञ्जलि व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ।

# गण्डकी प्रदेश कार्यसमितिका गतिविधि

नेपाल निजामती कर्मचारी संगठन गण्डकि प्रदेश अन्तर्गत रहेका जिल्लाहरुवाट शहिद मनोज झपेन्द्र स्मृति दिवस २०८२ को अवसरमा सम्पन्न कार्यक्रमहरु

## बागलुङ

नेपाल निजामति कर्मचारी संगठन जिल्ला कार्यसमिति बागलुङद्वारा मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा आयोजित कार्यक्रममा मिति २०८२।४।१५ का दिन धौलागिरि अस्पताल र नेपाल रेडक्रस सोसाइटि वागलुङसंगको समन्वयमा रेडक्रस भवन बागलुङमा रक्तदान कार्यक्रम सम्पन्न । सो कार्यक्रममा १२ जना कर्मचारीले रक्तदान गर्नु भएको थियो ।

## मुस्ताङ

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति मुस्ताङद्वारा मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा आयोजित जिल्ला हुलाक कार्यालयमा आउने पहिलो सेवाग्राहीलाई सम्मान गर्ने कार्यक्रम अन्तरगत मिति २०८२।४।१५ गते जिल्ला हुलाक कार्यालयमा सेवा लिन आउने पहिलो सेवाग्राहीलाई कार्यालय प्रमुख र जिल्ला अध्यक्षवाट सम्मान गरिएको थियो ।

## म्याग्दी

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति म्याग्दीद्वारा मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा आयोजित कार्यक्रममा मिति २०८२ साउन १५ गते म्याग्दी जिल्ला कारगारमा रहेका कैदी वन्दीहरुको लागि खेलकुद सामाग्री वितरण गरिएको थियो ।

## पर्वत

नेपाल निजामति कर्मचारी संगठन जिल्ला कार्यसमिति पर्वतद्वारा मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा आयोजित कार्यक्रममा मिति २०८२ साउन १५ गते पर्वत जिल्लाको महासिला गा.पा स्थित मदन आश्रित मा.वि.फलामखानीमा अध्ययनरत सम्पुर्ण विद्धार्थिलाइ शैक्षिक सामाग्रि वितरण गरिएको थियो साथै उक्तदिन वृक्षारोपण समेत गरिएको थियो

## कास्की

नेपाल निजामति कर्मचारी संगठन जिल्ला कार्यसमिति कास्कीद्वारा मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवस २०८२ को अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तरगत शहिद झपेन्द्रको शालिक रहेको स्थान रत्नचोक पोखरामा मिति २०८२ साउन १५ गते सरसफाइ गरि शहिद मनोज झपेन्द्र सुरेन्द्र प्रति श्रद्दान्जली कार्यक्रम गरिएको थियो । सोही दिन साझ दिप प्रज्वलन कार्यक्रम सम्पन्न भएको थियो । यसै गरि साउन १६ गते मनोज झपेन्द्र स्मृति दिवसको अवसरमा सामुदायिक विद्दालयका विद्धार्थीहरुलाइ शैक्षिक तथा खेलकुद सामाग्री वितरण गर्ने कार्यक्रम अन्तरगत पोखरा महानगरपालिका वडा नं २६ स्थित श्री अमरज्योति गाँउफर्क माध्यामिक विध्दालयमा अध्यनरत विध्दार्थिहरुलाइ शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरिएको थियो ।

## तनहुँ

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति, तनहुँले सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृती दिवश- २०८२ अवसरमा मिति २०८२ साउन १५ गते बन्दीपुर गाउँपालिका वडा नं. २ स्थित शान्ती आधारभूत विद्यालयमा रु १,००,०००।— अक्षरुपी एक लाख रुपैया बराबरको विपन्न विद्यार्थी लक्षित **"नेपाल निजामती कर्मचारी संगठन तनहुँ"**अक्षयकोष स्थापना गरिएको र उक्त अक्षयकोषको रकम कार्यक्रमको प्रमुख अथिति माननीय मन्त्री भगवती न्यौपानेज्यू मार्फत उक्त विद्यालयको प्रधानाध्यापकलाई हस्तानान्तरण गर्ने कार्यक्रम सम्पन्न साथै उक्त अवसरमा संघीय मामीला तथा **सामान्य प्रशासन मन्त्री माननीय भगवती न्यौपानेज्यूलाई** हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ज्ञापन गरिएको थियो । यसै अवसरमा नेपाल निजामती कर्मचारी संगठन गण्डकी प्रदेश कमिटीद्वारा माननिय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्युलाइ निजामती सेवा ऐन र समसामायिक विषयमा ज्ञापन पत्र समेत वुझाइएको थियो

## स्याङ्जा

नेपाल निजामती कर्मचारी स्याङ्जाद्वारा शहिद मनोज झपेन्द्र स्मृति दिवस २०८२ को अवसरमा मिति २०८२ साउन १५ गते जिल्लाभित्र रहेका र कार्यालयहरु विच कार्यालयस्तरीय हाजिरि जवाफ प्रतियोगिता सम्पन्न भएको थियो । हाजिरि जवाफ प्रतियोगितामा स्याङ्जा जिल्लामा रहेका कार्यालयहरु र पालिका सहित १० समुह सहभागी भएका थिए । कर्मचारीको ज्ञान सिप र दक्षता वढाउनको लागि उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

## नवलपरासी व.सु.पू

नेपाल निजामती कर्मचारी संगठन नवलपरासी पूर्वद्वारा मनोज झपेन्द्र र सुरेन्द्र स्मृति दिवसको अवसरमा कावसोती -१५ शेरगन्ज स्थित माझी आधारभूत विद्यालयमा अध्ययनरत बोटे, माझी र मुसहर समुदायका बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण गरि वालवालिका लाइ शैक्षिक सामाग्रीको उपलब्धताले शिक्षाको गुणस्तरमा सुधार आउने र विपन्न समुदायका वालवालिकालाइ सहयोग पुग्ने लक्ष्य राखिएको थियो ।

## गोरखा

नेपाल निजामती कर्मचारी स्याङ्जाद्वारा शहिद मनोज झपेन्द्र स्मृति दिवस २०८२ को अवसरमा मिति २०८२ साउन १५ गते आयोजित कार्यक्रममा गोरखा अस्पतालमा भर्ना भएका विरामीहरुलाई फलफुल वितरण कार्यक्रम सम्पन्न भयो ।

# लुम्बिनी प्रदेश कार्यसमितिका गतिविधि

## २०८२ साल साउन महिनामा लुम्विनी प्रदेश कार्य समिति तथा लुम्विनी प्रदेश अन्तर्गतका जिल्ला कार्य समितिले गरेका महत्वपूर्ण गतिविधिको विवरण :

### नेपाल निजामती कर्मचारी संगठन लुम्विनी प्रदेश कार्य समितिका प्रमुख गतिविधिहरु

१) मिति २०८२ साउन १० गते लुम्बिनी प्रदेशको निजामती सेवा ऐन र नियमावली कार्यान्वयनमा देखिएका समस्या समाधान गर्ने र लुम्बिनी प्रदेशको निजामती सेवा ऐन र नियमावलीसँग सम्वन्धित मुद्दाहरु फिर्ता गराउने उद्देश्यले लुम्बिनी प्रदेशका मुख्यमन्त्रीज्यू र लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिवज्यूसँग नेपाल निजामती कर्मचारी संगठनका उपाध्यक्ष श्री युवाचन्द्र घिमिरे , लुम्बिनी प्रदेश इन्चार्ज श्री कबिसिंह कठायत,लुम्बिनी प्रदेश कार्य समितिका पदाधिकारीहरु, मुद्दाका पक्षहरु र अन्य कर्मचारीहरुवीचमा होटल पाम इन्टरनेशनल बुटवलमा व्यापक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको । सरकारका तर्फवाट प्रदेश निजामती सेवा ऐन तथा नियमावलीमा भएका समस्या तथा कमिकमजोरीहरु संशोधन गराउने प्रतिबद्धता समेत प्राप्त भएको । दुईवटा मुद्दाका पक्षहरुले मुद्दा फिर्ता लिन प्रकृया अगाडि बढाउने प्रतिवद्धता गरेका ।यसैको फलस्वरुप मिति २०८२ साउन १३ गते बढुवासँग सम्वन्धित मुद्दा फिर्ता गराउन सफलता प्राप्त भई उत्प्रेषण परमादेश समेत जारी भएको । विगत वर्षहरुदेखि रोकिएको बढुवाको कार्य धमाधम अगाडि बढी रहेको ।अधिकृत स्तर सातौ तहको खुला प्रतिस्पर्धासँग सम्वन्धित मुद्दा समेत २०८२ श्रावण २१ गते रिट खरेज भइ स्थगित भएको विज्ञापन कार्य पुन सुचारु हुने बाटो खुलेको ।

२) नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिको सचिवालय बैठक मिति २०८२ साउन १६ गते शुक्रवार वेलुका कपिलवस्तुको वाणगंगामा बसी तेस्रो बैठकका ऐजेण्डाउपर छलफल गरी तेस्रो बैठक र सहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृती दिवसको सप्ताहव्यापी कार्यक्रम लाई सुव्यवस्थित ढंगले सञ्चालन गर्ने निर्णय गरियो ।

३) नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिको आयोजनामा मिति २०८२ साउन १७ गते विहान कपिलवस्तु वाणगंगामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरिएको जुन कार्यक्रममा केन्द्रीय कार्य समिति अध्यक्ष भवानी न्यौपानी दाहलको प्रमुख आतिथ्यता रहेको । १५ प्वाइन्ट रगत संकलन गरि रक्त दातालाई सम्मान पत्र समेत प्रदान गरिएको ।





१) नेपाल निजामती कर्मचारी संगठन तेस्रो नियमित बैठक कपिलवस्तु बाणगंगा ठाकुरपुरामा सम्पन्न भएको । उक्त वैठकमा प्रमुख अतिथि केन्द्रिय कार्य समिति अध्यक्ष श्री भवानी न्यौपाने दाहाल,विशिष्ठ अतिथि वरिष्ठ उपाध्यक्ष रेवन्त गौतम,उपाध्यक्ष कृष्ण के.सी.लुम्विनी प्रदेश इन्चार्ज कविसिंह कठायत,उपमहासचिव वामदेव ओली,सहइन्चार्ज नारायण प्रसाद भण्डारी सहित लुम्विनी प्रदेशका अधिकांस केन्द्रीय सदस्य,आयोगका पदाधिकारी तथा सदस्यको अतिथ्यता रहेको थियो ।



तेस्रो वैठकको अवसरमा लुम्बिनी प्रदेश कार्य समिति सचिव जयराम खड्काको दुखद निधन भएकोमा शोक प्रस्ताव पारित गर्दै उहाँका सन्ततीहरुको माध्यमिक तहसम्मको पठनपाठन वापतको खर्च वेहर्ने गरी जयराम खड्का स्मृती कोष स्थापना गर्ने घोषणा गरि मृतकका परिवारलाई केन्द्रको तर्फवाट रु पच्चिस हजारको चेक हस्तान्तरण गरिएको थियो । जयराम खड्का स्मृती कोषमा शुरुवाती चरणमा नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी कार्य समितिको तर्फवाट रु ७५०००। र उपस्थित केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,लुम्बिनी प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र जिल्ला कार्य समितिका अध्यक्ष लगायतका व्यक्तित्ववाट स्वेच्छिक रुपमा आर्थिक सहयोगको प्रतिवद्धता तथा प्राप्ति भएको थियो ।

उक्त कार्यक्रममा लुम्बिनी प्रदेश लोक सेवा आयोगवाट सिफारिस भइ नवनियुक्त उपसचिवहरुलाई सम्मान गरिएको थियो । साथै उत्कृष्ट कार्यसम्पादन वापत प्रदेश कार्य समितिका कोषाध्यक्ष श्रीराम पाण्डेलाई सम्मान गरिएको थियो ।

**लुम्बिनी प्रदेश कार्य समितिको तेस्रो बैठकवाट तपसिल वमोजिम निर्णय गरिएको थियो ।**

### मिति २०८२ साउन १७ गते शनिवार भएको तेस्रो बैठकका निर्णयहरु

**निर्णय नं १**

लुम्बिनी प्रदेशमा रहेका १२ वटै जिल्लाको साँगठानिक गतिविधिको रिपोर्टिङ्ग सम्वन्धमा व्यापक छलफल गर्दा हरेक महिनाको ३ गते भित्र हरेक जिल्लाले साँगठानिक गतिविधिको मासिक प्रतिवेदन लुम्बिनी प्रदेश कार्य समितिमा पठाउने र रिपोर्टिङ् कार्यलाई थप व्यवस्थित गराउने निर्णय गरियो ।

**निर्णय नं २**

लुम्विनी प्रदेश कार्य समितिको साँगठानिक तथा आर्थिक प्रतिवेदनका सम्वन्धमा नेपाल निजामती कर्मचारी संगठन लुम्विनी प्रदेश महासचिव भिम खनाल र कोषाध्यक्ष श्रीराम पाण्डेज्यूले पेश गर्नु भएको साँगठानिक तथा आर्थिक प्रतिवेदनलाई छलफल गरी सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

लुम्विनी प्रदेश निजामती सेवा ऐन,नियमावली र स्थानीय निजामती सेवा ऐन र नियमावालीमा समसामयिक सुधार तथा संशोधन गर्न प्रदेश सरकारलाई सुझाव दिने सम्वन्धमा व्यापक छलफल गर्दा लुम्बिनी प्रदेश निजामती सेवा ऐन,नियमावली र स्थानीय सेवा ऐन नियमावालीमा रहेका कमिकमजोरीहरु पहिचान गरी कर्मचारी तथा सेवाग्राहीमैत्री बनाउनको लागि तपसिल वमोजिमको एक अध्यायन तथा सुझाव सिफारिस कार्यदल वनाउने निर्णय गरियो ।

**तपसिल :**

लुम्विनी प्रदेश निजामती सेवा ऐन,नियमावली र स्थानीय सेवा ऐन नियमावाली अध्यायन तथा सुझाव सिफारिस कार्यदलः

| | |
|---|---|
| प्रेम वहादुर गौतम : | संयोजक |
| राम प्रसाद भट्टराइ : | सदस्य |
| नारायण पौडेल : | सदस्य |
| कृष्ण पराजुली : | सदस्य |
| संजय ज्ञवाली : | सदस्य |

**निर्णय नं ४**

लुम्विनी प्रदेश सरकारवाट हुने सरुवा व्यवस्थापन सम्वन्धमा व्यापक छलफल गर्दा सरुवालाई व्यवस्थित, नियमसंगत, न्यायोचित तथा अनुमानयोग्य वनाउन लुम्विनी प्रदेश सरकारलाई आवश्यक सुझाव तथा सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

लुम्विनी प्रदेश कार्य समिति र जिल्ला कार्य समितिका वैठकलाई नियमित ढंगले कार्य तालिका वमोजिम संचालन गर्ने निर्णय गरियो । साथै लुम्विनी प्रदेश कार्य समितिका वैठक चक्रिय रुपमा लुम्विनी प्रदेशका प्रत्येक जिल्लामा संचालन गर्ने निर्णय वमोजिम आगामी चौथो बैठक वाँके जिल्लाको नेपालगंजमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

प्रदेश र जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम सम्वन्धमा छलफल गर्दा केन्द्रीय प्रशिक्षण विभागको कार्यतालिका वमोजिमको समयमा प्रदेशस्तरीय,जिल्लास्तरीय र पालिकास्तरीय प्रशिक्षण कार्यक्रम सुव्यवस्थित तथा व्यापक सहभागितामा संचालन गर्ने तथा संचालन गर्न सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

लुम्बिनी प्रदेशका जिल्लाहरुमा संचालनमा रहेका राष्ट्रसेवक सहकारीहरुको साधरण सभालाई निर्धारित समयमा सम्पन्न गर्नको लागि अनुरोध गर्ने र आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

नेपाल निजामती कर्मचारी संगठनका लुम्बिनी प्रदेशमा रहेका सदस्यहरुको एकीकृत विवरण तयार गर्नको लागि तपसिल वमोजिमको कार्यदल वनाउने निर्णय गरियो ।

तपसिल :

सदस्यहरुको एकीकृत विवरण तयारी कार्यदल

१. मोहनसिंह सुनार, सचिव लुम्विनी प्रदेश कार्य समिति : संयोजक

२. गणेश रेग्मी : सदस्य

३. सागर सुवेदी : सदस्य

**निर्णय नं ९**

लुम्बिनी प्रदेश संगठन डायरी २०८२ प्रकासन सम्वन्धमा छलफल गर्दा संगठनको लुम्बिनी प्रदेशस्तरीय गतिविधि झल्कने गरी लुम्बिनी प्रदेश संगठन डायरी २०८२ प्रकाशन गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**डायरी प्रकासन कार्यदल :**

श्री श्रीराम पाण्डे,लुम्बिनी प्रदेश कार्य समिति, कोषाध्यक्ष : संयोजक

श्री गौरव नेपाली, लुम्बिनी प्रदेश कार्य समितिः सदस्य

श्री दिवाकर पन्थी, लुम्बिनी प्रदेश कार्य समितिः सदस्य

श्री शोभाखर ज्ञवाली लेखा परीक्षण आयोग संयोजकः सदस्य

श्री नारायण थापा, लुम्बिनी प्रदेश कार्य समितिः सदस्य

**निर्णय नं १०**

लुम्बिनी प्रदेश कार्य समितिका सचिव जयराम खड्काको असामयिक निधन भएकोमा उहाँका सन्ततिहरुको शैक्षिक खर्च व्यहोर्ने प्रयोजनका लागि जयराम खड्का स्मृती कोष स्थापना गर्न लुम्विनी प्रदेश कार्य समितिवाट रु ७५०००।—(अक्षरुपि पचहत्तर हजार मात्र) र लुम्विनी प्रदेश कार्य समितिका पदाधिकारी तथा सदस्यज्यूहरु र विभिन्न जिल्ला कार्य समितिको तर्फवाट प्राप्त स्वेच्छिक सहयोग रकम जम्मा गर्ने र खाता खोल्ने प्रयोजनका लागि कोषाध्यक्ष श्रीराम पाण्डे र रुकुम पूर्व संगठनलाई आवश्यक सहयोग तथा समन्वय गर्न जिम्मा दिने निर्णय गरियो।

**११. विविध**

क) लुम्विनी प्रदेश लोक सेवा आयोगवाट शिफारिस भई विभिन्न मन्त्रालयमा नियुक्त हुनु भएका नवौ तहका उपसचिवज्यूहरुलाई नेपाल निजामती कर्मचारी संगठन लुम्विनी प्रदेश कार्य समितिको तर्फवाट बधाई तथा शुभकामना प्रदान गर्ने निर्णय गरियो ।

ख) नेपाल निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेश कार्य समितिका सचिव जयराम खड्काको असामयिक तथा अकल्पनीय निधन भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना सहित शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

५. लुम्बिनी प्रदेश सरकारवाट हुने सरुवालाई व्यवस्थित वनाउन सहयोग गर्न लुम्बिनी प्रदेश कार्य समितिका पदाधिकारीहरुले सकृय रुपमा भूमिका निर्वाह गर्न प्रदेश राजधानीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका साथै अन्य मन्त्रालयमा सहजीकरण गरेको र संगठनका साथिहरुको गुनासो व्यवस्थापनमा सकृयतापूर्वक भूमिका निर्वाह गरेको ।

**नेपाल निजामती कर्मचारी संगठन, लुम्बिनी प्रदेश अन्तरगतका १२ जिल्ला कार्यसमितिहरुले २०८२ साल श्रावण १ गतेदेखि श्रावणमसान्तसम्म गरेका विभिन्न कार्यक्रम/क्रियाकलापहरुको संक्षिप्त विवरण**

| सि. नं. | जिल्ला | कार्यक्रम सम्पन्न भएको मिति | सम्पन्न गरिएका कार्यक्रमहरुको विस्तृत विवरण | प्रमुख अतिथि तथा मुख्य उपस्थिति | सहभागी हरुको संख्या |
|---|---|---|---|---|---|
| १ | रुपन्देही | २०८२।०४।१६ | १.सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवसको अवसरमा एक दिवसीय प्रशिक्षण कार्यक्रम । | १.प्रमुख अतिथि संगठनको केन्द्रीय अध्यक्ष भवानी न्यौपाने दाहाल,विशिष्ट उपस्थिति प्रशिक्षक त्रि.वि का उपप्रध्यापक वाइ.पि.आचार्य | १ ५ ० जना |
| | | २०८२।०४।१५ | २. लुम्बिनी प्रदेश अन्तरगतका जिल्ला कार्य समितिमध्य उत्कृष्ठ जिल्ला कार्य समिति भएकोमा सम्मान ग्रहण गरिएको | प्रमुख अतिथि नेकपा एमालेका महासचिव शंकर पोखेल | |
| | | | ३. रुपन्देही जिल्ला कार्य समितिले जिल्लाकै धेरै १०८ युनिट रगत संकलन गरे वापत नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रुपन्देहीवाट सम्मान ग्रहण | प्रमुख अतिथि लुम्बिनी प्रदेश सरकारका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सेना | |
| २ | नवलपरासी | २०८२।०४।१३ | सुनवल १३ मा रहेको पवित्रा वृद्धाआश्रममा खाद्यान्न सामाग्री वितरण कार्यक्रम | प्रमुख अतिथि सुनवल नगरपालिकाका नगरप्रवक्ता एवम वडा नम्वर १३ का वडाध्यक्ष कृष्ण प्रसाद वगाले पौडेल । | २५ जना |
| | | २०८२।०४।१४ | वृहत रक्तदान कार्यक्रम पृथ्वीचन्द्र अस्पताल नवलरासीमा | प्रमुख अतिथी काशिराम आचार्य केन्द्रीय नीति अनुशन्धान आयोग,विशिष्ट अतिथि रमेश पाण्डेय नवलपरासी इन्चार्ज,नेत्र प्रसाद आचार्य लुम्बिनी प्रदेश कार्य समिति अध्यक्ष | जना २५ |
| ३ | कपिलवस्तु | २०८२।०४।०२ | जिल्ला कार्य समितिको नियमित वैठक सम्पन्न । | प्रमुख अतिथि प्रदेश कमिटि सदस्य नविन पाण्डे । | १६ जना |
| | | २०८२।०४।०७ | शहिद स्मृति दिवसको अवसरमा बाल मन्दिरमा रहेका अनाथ वालवालिकाहरुका लागि खाद्यान्न सामाग्री वितरण कार्यक्रम जसको आर्थिक सहयोग शंकर चौधरी दम्पती रहेका । | के.स.एवम कपिलवस्तु इन्चार्ज प्रकाश गौतम | जना २५ |
| ४ | पाल्पा | २०८२।०४।०९ | जिल्ला कार्य समितिको नियमित वैठक सम्पन्न । | के.स.एवम जिल्ला इन्चार्ज युवराज ज्ञवाली | १६ जना |
| | | २०८२।०४।१५ | शहिद स्मृति दिवसको अवसरमा खाद्यान्न सामाग्री वितरण । | के.स.एवम जिल्ला इन्चार्ज युवराज ज्ञवाली | १८ जना |


| सि. नं. | जिल्ला | कार्यक्रम सम्पन्न भएको मिति | सम्पन्न गरिएका कार्यक्रमहरुको विस्तृत विवरण | प्रमुख अतिथि तथा मुख्य उपस्थिति | सहभागी हरुको संख्या |
|---|---|---|---|---|---|
| ५ | गुल्मी | २०८२।०४।०८ | शहिद स्मृति दिवसको अवसरमा गुल्मी अस्पतालमा रक्तदान कार्यक्रम | प्रमुख अतिथि के.स.सावित्री कुमारी भण्डारी | २५ जना |
| ६ | अर्घाखाँची | | **कार्यक्रम नभएको** | | |
| ७ | दाङ | २०८२।०४।१५ | **प्राप्त नभएको** | | |
| ८ | प्युठान | २०८२।०४।१५ | शहिद स्मृति दिवसको अवसरमा मल्लरानी गा.पा.३ बुकिडाँडामा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको । | प्रमुख जिल्ला अधिकारी प्रमुख अतिथि र ने.नि.क.सं लु.प्रदेश उपाध्यक्ष टुक ब.रोका विशिष्ठ अतिथि | ३२ जना |
| ९ | रुकम पूर्व | २०८२।०४।१५ | जिल्ला अस्पताल रुकुम पूर्वमा भर्ना भएका विरामीला फलफूल वितरण कार्यक्रम | केन्द्रीय सदस्य हर्क वहादुर शाही र याचना गौतमको मुख्य उपस्थिती,नेकपा एमालेका केन्द्रीय सल्लाहकार परिषद सदस्य नन्दलाल शर्माको विशेष उपस्थिति र कर्मचारी संगठन रुकुम पूर्वका अध्यक्ष श्री भिम वहादुर झाक्रिको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको । | २९ जना |
| १० | रोल्पा | | **प्राप्त हुन नसकेको** | | |
| ११ | बाँके | २०८२।०४।१५ | शहिद स्मृति दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न | प्रमुख अतिथि ने क पा एमाले कार्यलय सचिव कृष्ण थापा,विशिष्ट अतिथि के.स दुर्गा महत । | ५० जना |
| | | २०८२।०४।०९ | नियमित वैठक सम्पन्न | के.स. दुर्गा महत | जना १२ |
| १२ | बर्दिया | २०८२।०४।१५ | शहिद स्मृति दिवसको अवसरमा बर्दिया अस्पतालमा विरामीहरुलाई फलफूल वितरण कार्यक्रम | प्रमुख अतिथि भिम प्रसाद अधिकारी प्रदेस कार्य समिति सदस्य | १८ जना |
| | | २०८२।०४।३० | जिल्ला कार्य समितिको तेस्रो पूर्ण वैठक | प्रमुख अतिथि नेकपा एमाले जि.क.सदस्य ज्ञान प्रसाद ज्ञवाली ,बिशेष अतिथि पेशागत महासंघ वर्दिया उपाध्यक्ष नारायण प्र.पराजुली | जना १६ |

# कर्णाली प्रदेश कार्यसमितिका गतिविधि

## कर्णाली प्रदेश कार्य समितिका गतिविधिहरूः

१. २०८२ श्रावण २ गते अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुको सम्बन्धमा कर्णाली प्रदेश सरकारका प्रमुख सचिव, प्रशासन सचिव र कानून सचिवसँग संगठनको तर्फबाट ध्यानकर्षण गराईएको।

२. श्रावण ३ गते नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्य समितिको तर्फबाट अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीका सम्बन्धमा प्रेस विज्ञप्ति जारी गरिएको।



श्रम तथा रो.प्र.वि.दर्ता नं.२१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

**नेपाल निजामती कर्मचारी संगठन**
**(Nepal Government Employees' Organization)**
**प्रदेश कार्य समिति, कर्णाली प्रदेश**
(पेसागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन)

**प्रेस विज्ञप्ति**

नेपाल निजामती कर्मचारी संगठन निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, जनमुखी र प्रभावकारी वनाउने उद्देश्यका साथ वि. सं. २०४७ वैशाख ७ गते स्थापना भएको निजामती क्षेत्रको पहिलो र ठूलो राष्ट्रियस्तरको ट्रेड युनियन हो। संगठन वार्ता, संवाद, छलफल र सामुहिक सौदावाजीको माध्यमवाट आम कर्मचारीहरुका हक अधिकारहरु स्थापित गराउन, सेवाको सुरक्षाको प्रत्याभुत गर्न क्रियाशील रहँदै आएको छ। संगठनले सेवा प्रवाहमा सुधारको माध्यमबाट सार्वजनिक प्रशासनलाई गरिमामय सेवाको रुपमा स्थापित गर्न निरन्तर लागिरहेको विषय सर्वविदितै छ। जनताको घरदैलोको सरकारका रुपमा रहेको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई सही प्रयोगबाट नै जनताप्रति सरकारको विश्वास बढाउन सकिन्छ।

यसै सन्दर्भमा हाल कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरुमा विगत लामो समय देखि अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०८२/०८३ श्रावण १ गते देखि कामकाजमा नआउनु भनी पत्र, फोन, म्यासेज लगायतका माध्यमबाट जानकारी गराउने, हाजिरी खाता बन्द गर्ने कार्य प्रति नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्य समितिको गम्भीर ध्यानाकर्षण भएको छ। सरकारवाट निजामती सेवामा सहायक कम्प्युटर अपरेटर, कम्प्युटर अपरेटर, सुपरभाइजर, कार्यालय सहयोगी, सवारी चालक, सामाजिक परिचालकका पदमा स्थायी पदपुर्ति नगर्ने भनी आ.व. ०५६/०५७ को वजेट वक्तव्य मार्फत घोषणा गरे पश्चात स्थायी पदपुर्ति नभई सेवा करारमा कर्मचारी लिने कार्यको थालनी भएको थियो। तत् पश्चात सेवा करारमा रहेका कर्मचारीहरुको सेवा अवधि २५ वर्ष भन्दा अधिक भैसकेको छ। यति लामो समयदेखि कार्यरत कर्मचारीहरुलाई आस्थाका आधारमा विना कारण सेवाबाट हटाउने कार्यले सार्वजनिक प्रशासनमा पजनी प्रथाको आभाष दिलाएको छ। यस प्रकारका पुर्वाग्राही कामहरु तत्काल बन्द गर्न सम्वन्धित स्थानीय सरकारहरुको ध्यानाकर्षण गराउँदछौं ।

विगतमा जनप्रतिनिधि विहिन स्थानीय निकायबाट प्रदान गरिने सेवालाई जनतासमक्ष पुर्याई सरकारको गरिमा वचाएका स्थानीय तहमा कार्यरत कर्मचारीहरुप्रति अन्याय, अपमान र विभेद भएको छ। यसबाट स्थानीय तहमा काम गर्ने कर्मचारीमाथि थप आशंका र निराशा छाएको छ भने काम गर्ने मनोबल समेत कमजोर भएको छ। अतः संगठन वार्ता, संवाद र छलफलका माध्यमवाट समस्या समाधान गर्न तत्पर छ। श्रम ऐनको पालना र श्रमको सम्मान गर्दै कर्मचारीहरुको सेवाको सुरक्षामा ध्यान दिदै कर्णाली प्रदेश सरकार र सम्वन्धित स्थानीय तहलाई लामो समय देखी कामकाज गर्दै आएका कर्मचारीहरुलाई त्रसित नवनाउन, निष्कासन नगर्न र तत्काल काममा फर्कने वातावरण श्रृजना गर्न संगठन जोडदार माग गर्दछ। पेशाकर्मीको आवाजलाई कमजोर ठानी यस्ता कार्यहरु नरोकिएमा संगठन मूकदर्शक भएर नवस्ने व्यहोरा समेत अवगत गराउन चाहान्छौं ।

मितिः२०८२ श्रावण ३ गते शनिवार।
नेपाल संवतः ११४५ दिल्लागा नवमी।

(प्रकाश शर्मा)
महासचिव

३. नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय लेखापरीक्षण आयोगका सदस्य तथा जुम्ला जिल्ला सह ईन्चार्ज खडानन्द चौलागाईका ससुरा असमायिक निधनप्रति दुःख व्यक्त गर्दै परिवारको साथको लागि दाहसंस्कार गर्न रानीघाट गएको।


४. श्रावण ४ गते कर्णाली प्रदेशबाट संगठनको आयोजनामा हुने राष्ट्रव्यापी हाजिरीजवाफ प्रतियोगितामा सहभागी हुन जाने कर्मचारीहरुको विषयमा छलफल।

५. श्रावण ०६ गते कर्णाली प्रदेश कार्य समितिको दोश्रो पदाधिकारी वैठक सम्पन्न।

६. श्रावण ०७ गते गाउँपालिका महासँघ नेपाल कर्णाली प्रदेशको कार्यालयमा पालिका अध्यक्ष, संयुक्त ट्रेड युनियन र स्थानीय तहमा कार्यरत कर्मचारीहरुबीच सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्बन्धमा छलफल गरी साझा धारणा तय गरिएको।

७. संगठनका केन्द्रीय सचिवालय सदस्य लक्ष्मी भुषाललाई संगठन कार्यालयमा स्वागत तथा छलफल।

८. श्रावण ०८ गते स्थानीय तहमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरूका सन्दर्भमा कर्णाली प्रदेशमा क्रियाशील संयुक्त ट्रेड युनियनबाट प्रेस विज्ञप्ति जारी



**संयुक्त ट्रेड युनियनको प्रेस विज्ञप्ति**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य पूरा गर्न राष्ट्रसेवक कर्मचारीहरूको भूमिका अहम् रहेको हुन्छ। राष्ट्रियस्तरका ट्रेड युनियनहरु वार्ता, संवाद, छलफल र सामुहिक सौदावाजीको माध्यमबाट आम कर्मचारीहरुका हक अधिकारहरु स्थापित गराउन, सेवाको सुरक्षाको प्रत्याभुत गर्न क्रियाशील रहँदै आएको विषय सर्वविदितै छ। जनताको घरदैलोको सरकारका रुपमा रहेको स्थानीय तहमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र अनुभवलाई सही प्रयोगबाट नै जनताप्रति सरकारको विश्वास बढाउन सकिन्छ।
कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरुमा विगत लामो समयदेखि अविच्छिन्न रुपमा जनताको सेवामा समर्पित अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व. ०८२/०८३ श्रावण १ गते देखि कामकाजमा नआउनु भनी पत्र, फोन, म्यासेज लगायतका माध्यमबाट जानकारी गराउने, हाजिरी खाता बन्द गर्ने कार्य प्रति कर्णाली प्रदेशमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड युनियनहरुको गम्भीर ध्यानाकर्षण भएको छ। सरकारबाट निजामती सेवामा सहायक कम्प्युटर अपरेटर, कम्प्युटर अपरेटर, सुपरभाइजर, कार्यालय सहयोगी, सवारी चालक, सामाजिक परिचालकका पदमा स्थायी पदपुर्ति नगर्ने भनी आ.व. ०५६/०५७ को बजेट वक्तव्य मार्फत घोषणा गरे पश्चात स्थायी पदपुर्ति नभई सेवा करारमा कर्मचारी लिने कार्यको थालनी भएको थियो। तत् पश्चात सेवा करारमा रहेका कर्मचारीहरुको सेवा अवधि २५ वर्ष भन्दा अधिक भैसकेको छ।

निजामती सेवा ऐन, २०४९ को दफा ७ग, कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० अन्य ६ वटै प्रदेशहरुमा भएको कानूनी व्यवस्था नै कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा रहेको देखिन्छ। २०८१ असोज २९ गते जारी भएको ऐनमा रहेको अस्थायी, करार र ज्यालादारी कर्मचारीसँग सम्बन्धित कानूनी प्रावधान कुनै परिवर्तन नभएको तर तत्काल कुनै नयाँ कानून निर्माण भएजस्तो गरी उक्त ऐनको दफा २१ को उपदफा ७ ले समेत स्थानीय तहको संगठनको कार्य प्रकृति र कार्यबोझ बमोजिम स्थानीय तहको आन्तरिक श्रोतबाट पारिश्रमिक र सेवा सुविधा व्यहोर्ने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गराई सेवा करारमा नियुक्ति गर्न सकिने प्रावधान समेत रहेको छ। त्यस्तै ऐनको दफा १४ मा अस्थायी करारमा कर्मचारी नियुक्त गर्न नपाईने तर म्याद थप गरी नियमित सेवा प्रवाह गर्न बाधा परेको समेत देखिदैन। अतः लामो समयदेखि कार्यरत कर्मचारीहरुलाई विना कारण सेवाबाट हटाउने कार्यले सार्वजनिक प्रशासनमा गम्भीर समस्या देखिने र सेवा प्रवाहमा समेत असर पर्ने भएकोले यस्ता कामहरु तत्काल बन्द गर्न सम्बन्धित स्थानीय सरकारहरुको ध्यानाकर्षण गराउँदछौं ।

विगतमा लामो समयसम्म जनप्रतिनिधि विहिन स्थानीय निकायबाट प्रदान गरिने सेवालाई जनतासमक्ष पुर्याई सरकारको गरिमा बचाएका स्थानीय तहमा कार्यरत कर्मचारीहरुप्रति अन्याय, अपमान र विभेद भएको छ। यसबाट स्थानीय तहमा काम गर्ने कर्मचारीमाथि थप आशंका र निराशा छाउनुका साथै काम गर्ने मनोबल समेत कमजोर भएको छ भने प्रशासनिक संघीयता कार्यान्वयनमा समेत बाधा पर्ने देखिएको छ। श्रम ऐनको पालना र श्रमको सम्मान गर्दै कर्मचारीहरुको सेवाको सुरक्षामा ध्यान दिदै स्थानीय तहलाई लामो समय देखी कामकाज गर्दै आएका कर्मचारीहरुलाई त्रसित नवनाउन, निष्कासन नगर्न र तत्काल काममा फर्कने वातावरण श्रृजना गर्न जोडदार माग गर्दछौं। पेशाकर्मीको आवाजलाई कमजोर ठानी यस्ता कार्यहरु नरोकिएमा संयुक्त ट्रेड युनियनहरु मूकदर्शक भएर नबस्ने व्यहोरा समेत अवगत गराउन चाहान्छौं ।

मितिः २०८२ श्रावण ०८ गते विहिबार।

(राजेश आचार्य)
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन
कर्णाली प्रदेश कार्य समिति, सुर्खेत

(काशिराम भट्टराई)
सचिव
नेपाल निजामती कर्मचारी युनियन
कर्णाली प्रदेश कार्य समिति, सुर्खेत

(जमानसिंह परियार)
उपाध्यक्ष
नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन
कर्णाली प्रदेश कार्य समिति, सुर्खेत

([illegible] बहादुर बुढा)
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन नेपाल
कर्णाली प्रदेश कार्य समिति, सुर्खेत

९. श्रावण ०९ गते नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्य समितिद्वारा आयोजित जनसंगठन तथा शुभेच्छुक संगठनबीच भेटघाट तथा परिचयात्मक कार्यक्रम सम्पन्न भएको ।



१०. श्रावण ११ गते कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन तथा नियमावली, २०८१ बमोजिम स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सरूवा व्यवस्थापन सन्दर्भमा संयुक्त ट्रेड युनियनको तर्फबाट साझा सुझाव पत्र कर्णाली प्रदेश सरकारका श्रीमान् प्रमुख सचिवज्यूलाई पेश गरियो।



११. श्रावण १३ गते कर्णाली प्रदेशका स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुको पहिलोपटक हुने सरुवाका लागि कर्णाली प्रदेश सरकारका माननीय मूख्यमन्त्री यामलाल कडेलज्यू र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवज्यू सहितको टिमसँग भेटघाट।

१२. श्रावण २६ गते वीरेन्द्रनगर, सुर्खेतमा भएको पेसागत महासंघ नेपाल कर्णाली प्रदेशको संगठन सुदृढीकरण तथा सुशासन सम्वन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी।

## जिल्लागत गतिविधिहरुः

### सुर्खेतः

१. २०८२ श्रावण २ गते जिल्ला कार्य समितिको चौथो बैठक नेपाल निजामती कर्मचारी सँगठनका कर्णाली प्रदेश ईन्चार्ज तुलाराम गिरीको प्रमुख आतिथ्यतामा सम्पन्न गरियो।

२. श्रावण १३ गते वीरेन्द्रनगर नगरपालिका ११ सुर्खेतमा रहेको समैजीघाटमा सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति विश्रामस्थलको वरिपरी ट्रिगार्ड सहितको वृक्षारोपण कार्यक्रम सम्पन्न।




३. श्रावण १४ गते विहान वीरेन्द्रनगर-५, सुर्खेतको चिसापानी फुटबल मैदानमा प्रदेश र जिल्ला कार्य समितिबीच मैत्रीपूर्ण फूटबल प्रतियोगिता सम्पन्न।



४. श्रावण १४ गते "नेपाल निजामती कर्मचारी संगठन सुर्खेत परिवार द्वारा मानवसेवा आश्रम नेवारे, सुर्खेतमा बेलुकाको भोजनसेवा स-प्रेम अर्पण" गरिएको।




५. श्रावण १५ गते सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा गरिएको सप्ताहव्यापी कार्यक्रम अन्तरगत २३ पिन्ट रगत संकलन गरी रक्तदान कार्यक्रम सम्पन्न



## सल्यानः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा सल्यान कारागारका कैदीहरुलाई खेलकुद सामाग्री वितरण गरिएको।



## मुगुः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम गरिएको।




## जुम्लाः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम गरिएको।



## रुकुम पश्चिम

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा जिल्ला अस्पताल, रुकुम पश्चिमका बिरामीहरुलाई फलफूल वितरण तथा अस्पताल परिसरमा सरसफाई कार्यक्रम गरिएको।




## जाजरकोटः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा राष्ट्रसेवक कर्मचारीहरुबीच ९ टिमको सहभागितामा हाजिरीजवाफ प्रतियोगिता सम्पन्न।



## कालिकोटः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा जिल्ला अस्पताल, कालिकोटका बिरामीहरुलाई फलफूल वितरण गरिएको।



## हुम्लाः

- सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवसको अवसरमा जिल्ला अस्पताल, हुम्लाका बिरामीहरुलाई फलफूल र हर्लिक्स तथा कारागारका कैदीहरुलाई कम्मल वितरण गरिएको।




# सुदूरपश्चिम प्रदेश कार्यसमितिका गतिविधि

## सुदुरपश्चिम प्रदेश कार्यसमिति

न्युनतम पारिश्रमिक र सामाजिक सुरक्षा कोषमा आवद्धता अनिवार्य कार्यान्वयनका लागि नेपाल निजामती कर्मचारी संगठन सुदुरपश्चिम प्रदेश कार्यसमितिको २०८२/०४/३१ को निर्णय बमोजिम नेकपा एमालेका महासचिव शंकार पोखरेल ज्यु, उधोग बाणिज्य तथा आपूर्ति मन्त्री माननिय दामोदर भण्डारी ज्यु र प्रतिनिधि सभा सदस्य माननीय तारालामा तामाङ ज्यु लगायत अग्रज नेतागणहरु लाई ध्यानाकर्षण गराउने कार्य सम्पन्न ।

२०८२/०४/३१ गते धनगढीमा प्रदेश संगठन सुदृढीकरण, अन्तर्कृया तथा प्रदेश स्तरिय प्रशिक्षण कार्यक्रम प्रमुख अतिथी सुदुरपश्चिम प्रदेश का पुर्ब मुख्यमन्त्री राजेन्द्र सिह रावल, प्रशिक्षण बिभाग प्रमुख रेवन्त गौतम,संगठन बिभाग प्रमुख बामदेव ओलि, पेसागत महासघ अध्यक्ष पुण्य प्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेल, महासचिव केदार देवकोटा, प्रदेश का आन्तरिक तथा कानुन मामिला मन्त्री हिरा सार्की, भुमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्री वीर बहादुर थापा ,प्रदेश सभा दलको उपनेता सन्तोष शर्मा थापा, माननीय दमन सिह भन्डारी लगायत २५० जनाको उपस्थित ।

२०८२/०४/३१ गते धनगढीमा प्रदेश संगठन सुदृढीकरण, अन्तर्कृया तथा प्रदेश स्तरिय प्रशिक्षण कार्यक्रम प्रमुख अतिथी सुदुरपश्चिम प्रदेश का पुर्ब मुख्यमन्त्री राजेन्द्र सिह रावल, प्रशिक्षण बिभाग प्रमुख रेवन्त गौतम, संगठन बिभाग प्रमुख बामदेव ओलि, पेसागत महासघ अध्यक्ष पुण्य प्रसाद ढकाल, उपाध्यक्ष भोलानाथ पोखरेल, महासचिव केदार देवकोटा, प्रदेशका आन्तरिक तथा कानुन मामिला मन्त्री हिरा सार्की, भुमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्री वीर बहादुर थापा, प्रदेश सभा दलको उपनेता सन्तोष शर्मा थापा, माननीय दमन सिह भन्डारी लगायत २५० जनाको उपस्थित रहेका सो कार्यक्रममा



श्रम तथा रो.प्र.वि.द.न. २१४/२०६४/०६५ "सम्पूर्ण निजामति कर्मचारीहरु एकजुट होऔं"

**नेपाल निजामति कर्मचारी संगठन**
( Nepal Government Employees' Organization )
**सुदूरपश्चिम प्रदेश कार्यसमिति ,**
**धनगढी ,कैलाली**
( पेशागत महासंघ नेपालसंग आबद्द निजामति कर्मचारीहरुको रास्ट्रीय स्तरको पहिलो ट्रेड युनियन )

प.स : २०८१/०८२ मिति : २०८२/०४/३१
च.न. :

**२०८२ श्राबण को गतिबिधिहरु**

१. शहिद सप्ताह ( २०८२ श्राबण ९ देखि १५ सम्म ) अन्तर्गत का कार्यक्रमहरु

| सि.न. | जिल्ला | कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १. | कैलाली | १. धनगढी उपमहानगरपालिका ११ बेला भुजिया जडिबुटी तथा आध्यात्मिक पार्कमा मा ५० जनाको उपस्थितिमा वृक्षारोपण कार्यक्रम<br>२. स्थानीय सेवा ऐन कार्यान्वयनको लागि टिकापुर नगरपालिकामा देखियको समस्या समाधानका लागि नगर प्रमुख रामलाल डगौरा थारु संग छलफल सहित अन्तरक्रिया<br>३. २०८२ श्राबण ३ गते गोदावरीमा जिल्ला कमिटिको बैठक सम्पन्न, जिल्लाको बिगत देखि रहेको दायित्वो | |
| २. | कंचनपुर | १. २०८२ श्राबण ९ गते दोधाराचादनी न पा मा वृक्षारोपण<br>२. २०८२ श्राबण १० गते वेदकोट न पा मा संघिय ,प्रदेश र स्थानीय सेवा ऐनमा समाबेश गर्नुपर्ने बिषयक अन्तरक्रिया कार्यक्रम केन्द्रीय सचिवालय सदस्य एबम जिल्ला ईन्चार्ज प्रताप चन्दको प्रमुख आतिथ्यमा ७५ जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न<br>३. २०८२ श्राबण १५ गते वेलौरी नगरपालिकाको अस्पतालमा फलफुल वितरण , | |
| ३. | बैतडी | वृक्षारोपण कार्यक्रम सम्पन्न | |
| ४. | डडेल्धुरा | जिल्ला अस्पतालमा फलफुल वितरण | |
| ५. | बाजुरा | जिल्ला अस्पतालमा फलफुल वितरण | |
| ६. | बझांग | वृक्षारोपण कार्यक्रम सम्पन्न | |
| ७. | अछाम | जिल्ला अस्पतालमा फलफुल वितरण | |
| ८. | डोटी | जिल्ला अस्पतालमा फलफुल वितरण | |
| ९. | दार्चुला | जिल्ला अस्पतालमा फलफुल वितरण | |

### बैतडीः

सदस्य संख्या ३७२

बैठक संख्या- ३

सहिद दिवसमा वृक्षारोपण कार्यक्रम सम्पन्न ।

सहकारी सदस्यहरु थप गरी सुचारु रुपमा सञ्चालन भइरहेको।

### दार्चुलाः

सदस्य संख्या ३१२

बैठक संख्या २

सहिद दिवसमा जिल्ला अस्पतालका २२ जना विरामीहरुलाई फलफुल वितरण

सहकारीको अडिट भएको पान दर्ताको क्रममा रहेको ।

### वाजुराः

सदस्य संख्या ४१०

पालिका ७ वटा गठन

बैठक ४ वटा

२०८२/४/१५ गते सहिद दिवसमा वृक्षारोपण कार्यक्रम सम्पन्न ।

नवआगन्तुक कर्मचारीलाई स्वागत तथा विदाइ कार्यक्रम

जिल्ला कमिटी को आयोजनामा शहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृती दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम भएको छ

### कञ्चनपुर

नेकपा एमाले निकट निजामती कर्मचारी बृक्षारोपण गरिरहेको छ । नेपाल निजामती कर्मचारी संगठन कञ्चनपुर जिल्ला कार्य समितिले बृक्षारोपण गरिरहेको हो । शुक्रबार दोधाराचाँदनी नगरपालिकादेखि बृक्षारोपण गरेको जनाएको छ । नेपाल निजामती कर्मचारी संगठन कञ्चनपुरका अध्यक्ष मान बहादुर चन्दले सहिद मनोज झपेन्द्र सुरेन्द्र स्मृति दिवसको अवसरमा सप्ताह ब्यापी कार्यक्रम गर्ने भएको बताए ।

'दोधाराचाँदनी नगरपालिकाबाट शुरु भएस १५ साउन सम्म सञ्चालन हुने कार्यक्रम ९ वटै पालिका कमिटीले रचनात्मक ,सामाजिक कार्यहरूगरेर सहिद सप्ताह मनाउँछौं,'उनले भने, 'आज पहिलो दिन नेपाल निजामती कर्मचारी संगठन दोधारा चादनी पालिका कमिटीले दोधारा चादनी अस्पताल परिसरमा फलफुलका बिरुवा रोपेको छ, यसरी नै क्रमिक रुपमा जिल्लाभरी कार्यक्रम संचालन हुन्छन ।÷

कार्यक्रममा एमाले जिल्ला सचिवालय सदस्य दोधारा चाँदनी इन्चार्ज गगन खत्री नेकपा एमाले जिल्ला सदस्य खिमा चन्द नेपाल निजामती कर्मचारी संगठन जिल्ला अध्यक्ष मान बहादुर चन्द पेशागत महासंघ नेपाल जिल्ला सचीव तिलक जोशी नेकपा एमाले नगर उपाध्यक्ष तथा वडा न ८ अध्यक्ष ओमप्रकाश रोकाया वडा न २ का अध्यक्ष पदम सिहं रावल पेशागत महासंघ नेपाल जिल्ला सदस्य कोमल प्रसाद पन्त नेपाल निजामती कर्मचारी संगठन जिल्ला सल्लाहकार सदस्य दिलाराम भट्ट पेशागत दोधारा चाँदनि सचीव छबिलाल भन्डारि नगर प्रमुख स्वकीय सचिब मोहन चन्द राष्ट्रिय युवा संघ नेपाल दोधारा चाँदनी अध्यक्ष बिनोद चौधरी लगायतको उपस्थिति रहेको थियो ।

### कञ्चनपुर

नेपाल निजामती कर्मचारी संगठन कञ्चनपुरले कर्मचारीमैत्री संघिय, प्रदेश र स्थानीय सेवा ऐनबारे छलफल गरेको गरेको छ । शनिबार शहिद मनोज, झपेन्द्र, सुरेन्द्र, स्मृति सप्ताहव्यापी कार्यक्रम अन्तर्गत संगठनले अन्तरक्रिया आयोजना गरेको हो । कार्यक्रममा सुदुरपश्चिम प्रदेश सरकारले जारी गरेको स्थानीय सेवा ऐनबारे छलफल गरिएको छ । छलफलका क्रममा कर्मचारीहरुले ऐनबारे असुष्टी व्यक्त गरेका छन । कार्यक्रममा बोल्दैं पेशागत महासंघ नेपाल कञ्चनपुरका सचिव तिलक प्रशाद जोशीले स्थानीय सेवा ऐन करार कर्मचारीमारा भएको दावि गरे । उनले लामो समयपछि ऐन आउनु स्वागतयोग्य भएपनि करार कर्मचारीका मागलाई न्यायोचित सम्बोधन नभएको बताए ।

संघियताको कार्यान्वयनका लागि करार कर्मचारीको भुमिका महत्वपुर्ण भएको बताउँदै सबैलाई समेट्ने गरि नएआएको उनको भनाई छ । वेदकोट नगरपालिकामा कार्यरत सुनिल चन्दले पनि ऐन करार कर्मचारीको हितमा

नभएको दावि गरे । उनले स्थानीय निजामती सेवा ऐनले कर्मचारीको भुमिकाको अवमुल्यन गरेको बताए । त्यस्तै वेदकोट नगरपालिकाकै कर्मचारी तर्कराज भट्टले ऐनले कर्मचारीबिच विभेद सिर्जना गरेको बताए । उनका अनुसार ऐनले तहगत मर्यादाक्रममा स्पष्ट गर्न सकेको छैन । वेदकोट नगरपालिकामा कार्यरत कर्मचारी तर्कराज भट्टले ऐन बिभेदकारी भएको बताए । उनले कर्मचारीको मर्यादाक्रमबारे स्पष्टता नभएको बताए । त्यस्तै बेलडाँडी गाउँपालिकाका कर्मचारी महेश सिंह खत्रीले पाँच वर्षे तहगत वृद्धी हटाएर समायोजन अनुसार तह वृद्धी गनुपर्ने माग राखे । कार्यक्रममा बोल्दैं नेपाल निजामती कर्मचारी संगठन सुदुरपश्चिम प्रदेश अध्यक्ष महादेव जोशीले संगठनको निरन्तर संर्घषपछि ऐन आएको बताए । उनले ऐन ल्याउन सरकारले आनाकानी गरेको बताउँदै तत्काल ऐन जारी गर्न संगठनले खबरदारीसहित दबाव दिएको बताए । "ऐन जारी नगर्न विभिन्न किसिमको षडयन्त्र भईरहेको थियो, अन्तिम समयमा आन्दोलन गर्ने तयारी गरेपछि सरकारले बाध्य भएर ऐन जारी गर्‍यो, तर ऐन पुर्ण रुपमा कर्मचारीमैत्री रुपमा आउन सकेन ।

उनले भने "ऐन जारी भएको छ त्यसमा आवश्यक संशोधन र निमावली निर्माणको क्रममा पनि माग सम्बोधनका लागि सरकारलाई दबाव दिन्छौं ।" त्यस्तै निजामती कर्मचारी संगठन कञ्चनपुरका अध्यक्ष मान बहादुर चन्दले लामो समयपछि ऐन आउनु स्वागतयोग्य भएको बताए । उनले ऐन पुर्ण रुपमा कर्मचारीमैत्री नभएकाले त्यसमा आवश्यक संशोधनका लागि कर्मचारीसँग छलफल गरिएको बताए । उनले कर्मचारीको तहगत मिलान, समायोजन र करार कर्मचारीको विषयमा आवश्यक कुरा ऐनले समेट्न नसकेको बताए । उनले कर्मचारी संगठनले निरन्तर दबावका कारण ऐन जारी भएको बताउँदै संगठनले कर्मचारीमैत्री ऐन निर्माणका लागि थप पहल गर्ने बताए । ऐन जारी गर्नका लागि संगठनकोतर्फबाट ज्ञापनपत्रसहित आन्दोलनका कार्यक्रम गरिएको बताउँदै उनले भने "करार कर्मचारीको सिमित प्रतिस्पर्धा, स्वास्थ्य कर्मचारीका समस्या सम्बोधन र वृत्ति विकासका लागि निरन्तर काम गर्छौं ।" त्यस्तै नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय सचिवालय सदस्य प्रताप बहादुर चन्दले ऐनमा सुधार आवश्यक रहेको बताउँदै उच्च पदस्थ कर्मचारीकै कारण कर्मचारी मैत्री ऐन नआएको दावी गरे । नेताहरुलाई ऐन कानुनका विषयमा चाँसो नदिने र उच्च अहोदामा रहेका कर्मचारीले तल्लो तहका कर्मचारीको वृत्ति विकासमा वेवास्था गर्ने गरेको उनको भनाई छ । शहिद मनोज, सुरेन्द्र स्मृति सप्ताहव्यापी कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम गरिरहेको छ ।

## सूचना

आगामी अङ्क असोजको लागि संगठनले भए गरेका विवरण फोटोसहित अनिवार्यरुपमा पठाइदिनुहुन हार्दिक अनुरोध छ । – सम्पादक

प्रकाशक

नेपाल निजामती कर्मचारी संगठन

Nepal Government Employees' Organization

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७

फोन नं. : ०१-५३५५८९८, ५३५५०२७

ईमेल: negeocc078@gmail.com

वेव : www.negeo.org.np

प्रेषक

प्रापक